आज मिति २०७८।०१।३० गते प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको अध्यक्षतामा बसेको DCCMC (District Covid-19 Crisis Management Center) बैठकले देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजंग थापा, नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेशकुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप-अनुसन्धान निर्देशक, श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

मेडीकल सुपरीटेन्डेन्ट डा., श्री पिताम्बर ठाकुर, मेची अंचल अस्पताल, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

नि. जिल्ला समन्वय अधिकारी, श्री कृष्ण कार्की, जिल्ला समन्वय समितिको कार्यालय, झापा

नि. कार्यालय प्रमुख, श्री इश्वरी पौडेल, स्वास्थ्य कार्यालय, झापा

सभापति, श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, शाखा कार्यालय, झापा

कार्यक्रम अधिकृत, श्री जीवन चौलागाँई, स्वास्थ्य कार्यालय, झापा

निर्णयहरुः-

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा झापा जिल्लामा समेत संक्रमण तीव्र गतिमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि झापा जिल्लाभर देहाय अनुसार निशेधाज्ञा जारी गर्ने ।

देहाय :-

१. सर्वसाधारणका लागिः-

- औषधि खरिद तथा उपचारका लागि बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।
- नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड र सामाजिक दुरी को अनिवार्य पालना गर्ने।
- हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।
- Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको Isolation Center मा सम्पर्क राख्ने ।

२. कार्यालय संचालन सम्बन्धमाः-

- अत्यावश्यक सेवा सञ्चालन गर्ने बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्थान, वीमा लगायतका कार्यालयहरुले सेवा स्थगन गर्ने र त्यस्ता कार्यालयमा न्युनतम कर्मचारी मात्र उपस्थित भई कार्यालयको आन्तरिक प्रशासन सञ्चालन गर्ने ।

- सरकारी, सार्वजनिक कार्यालयका कर्मचारीहरुले कर्मचारी परिचयपत्रका आधारमा बिहान ९:०० बजे देखि १०:०० बजे सम्म तथा बेलुकी ५:०० बजे देखि ६:०० सम्म मात्र सरकारी तथा निजी सवारी साधनमा आवतजाव्रत गर्न पाउने । साथै अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालयका कर्मचारीहरुको हकमा कर्मचारी परिचयपत्रका आधारमा सरकारी तथा निजी सवारी साधनमा आवश्यकता अनुसार आवतजावत गर्न पाउने ।

३. बैंक/वित्तीय संस्था सम्वन्धमाः-

- बैक तथा वित्तिय संस्थाको सम्वन्धमा सम्वन्धित माथिल्लो निकायको स्वीकृति लिई न्युनतम कर्मचारीको उपस्थितिमा हप्तामा २ दिन आलोपालो मिलाई सञ्चालन गर्ने ।
- सहकारी संस्थाहरुले घर, पसल तथा समूहमा गई वचत रकम संकलन गर्ने कार्य हाललाई स्थगित गर्ने ।

४. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः-

- औषधी र स्वास्थ्य सामाग्री, ईन्धन (पेट्रोल/डिजल स्टेसन, LP Gas) बाहेक अन्य खाद्यान्न पसल, व्यवसाय पुर्ण रुपमा बन्द गर्ने ।
- हरियो तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ स्थानीय तह र स्थानीय उद्योग वाणिज्य संघको समन्वयमा विहान ८ बजे भित्र घरघरमा होम डेलीभरी सेवा उपलब्ध गराउन सकिने ।
- औषधी पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।
- सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

५. सवारी साधन सञ्चालन सम्बन्धमाः-

- अत्यावश्यक सेवा संचालन गर्ने नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा निजी सवारी साधनको हकमा कार्यालयले जारी गरेको कर्मचारी परिचय पत्रको आधारमा विहान ९:०० बजे देखि १०:०० बजे सम्म तथा बेलुकी ५:०० बजे देखि ६:०० सम्म सञ्चालन गर्न दिईने ।
- अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन मिति २०७८ बैशाख ३१ गते राती १२:०० बजे देखि ऐ. जेठ ०७ गते राती १२:०० बजेसम्म झापा जिल्ला भर सञ्चालनमा पूर्ण रुपले रोक लगाउने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुधजन्य पदार्थ बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा, ढुवानी लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

६. उद्योग, कल-कारखाना र निर्माण कार्य संचालन सम्बन्धमाः-

- उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्बन्धित उद्योगले गर्ने।
- राष्ट्रिय गौरब र महत्वका आयोजना/परियोजनाको निर्माण कार्य स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी सञ्चालन गर्ने र उक्त कार्यका लागि कामदारहरुलाई खाने बस्ने ब्यबस्था सोही स्थानमा सम्वन्धित आयोजनाले मिलाउने ।

७. विवाह तथा मृत्यु संस्कार सम्बन्धमाः-

- विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ वटा सवारी साधनमा ५/५ जना सम्म भ्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति पास आवश्यक नपर्ने।

- मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागि हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिश) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

८. सीमा नाका सम्बन्धमाः-

- सीमा नाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न काँकडभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी आवत जावत गर्न दिइने ।
- काँकरभिट्टा नाका बाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पुर्ण रोक लगाउने ।
- काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राखे, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने । यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने।

९. सभा सम्मेलनको हकमाः-

- सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने ।

१०. यस जिल्ला स्थित पालिकाहरुको Isolation Center मा रहेका अक्सिजन सिलिण्डरहरु तत्काल प्रयोगमा नरहेको भए अति आवश्यक परेमा जिल्लाका कोभिड अस्पतालहरुमा उपलब्ध गराउन पालिकालाई अनुरोध गर्ने । साथै उक्त सिलिण्डरहरु रिफिलिङ्ग गरी सम्वन्धीत पालिकामा फिर्ता पठाउने ।

११. अक्सिजन सिलिण्डरहरुको उपलब्धता, वितरण र व्यवस्थापनका लागि स.प्र.जि.अ. श्री तिलोचन रिमालको संयोजकत्वमा देहायको समिति गठन गर्ने ।

- स.प्र.जि.अ. श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा - संयोजक
- सेनानी, नेपाली सेना नयाँ श्रीनाथ गण - सदस्य
- प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, झापा - सदस्य
- स.प्र.ना.उ, सशस्त्र प्रहरी बल नं २ गण, झापा - सदस्य
- सभापती, नेपाल रेडक्रस, विर्तामोड शाखा - सदस्य

१२. जिल्ला स्थित विभिन्न अस्पतालहरुमा कोभिड-१९ संक्रमितहरुको उपचारको क्रममा अस्पतालहरुमा विरामीको उपचारको लागि अग्रिम धरौटी माग नगर्न साथै अक्सिजन वेड, भेन्टीलेटर, आई.सि.यु.को उपयोगको लागि पहिला आउनेलाई पहिलो प्रथमिकता को नीति अपनाउन सबै अस्पताललाई अनुरोध गर्ने ।

१३. जिल्ला स्थित मेची अञ्चल अस्पताल, बी.एण्ड सी. तथा मनमोहन मेमोरियल अस्पतालमा निर्माणाधिन रहेका अक्सिजन प्लान्ट यथासिघ्र सम्पन्न गर्न सम्वन्धित अस्पताललाई अनुरोध गर्ने र उक्त कार्यको लागि DCCMC (District Covid-19 Crisis Management Center) ले आवश्यक सहजीकरण गर्ने ।

१४. विविधः-

- सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।
- अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने।
- अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, राहदानी, भिषा लगायतका कागजातका आधारमा सम्वन्धित व्यक्ति र निजले प्रयोग गर्ने सवारी साधनलाई यात्रा सहजीकरण गरिने ।

१५. हाल सम्म यस कार्यालयबाट जारी भएका यात्रा सहजीकरण सम्वन्धी सबै अनुमतिहरु २०७८।२।१ देखी लागु हुने गरी रद्द गर्ने ।

१६. यो निर्णयको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० तथा प्रचलित कानून बमोजिम कारवाही गर्ने ।